‘अऊजु बिल्लाहिल्-अजीम्, व बिवज्हिहिल्-करीम्, व सुल्तानिहिल्-कदीम्, मिनश्-शैतानिर्रजीम्’ (अर्थ: "म महान अल्लाह, उहाँको सम्मानित अनुहार र उहाँको शाश्वत सत्ताको माध्यमबाट धिक्कारिएको शैतान विरुद्ध शरण चाहन्छु

अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) मस्जिदमा प्रवेश गर्दा यो दुआ पढ्नुहुन्थ्यो: ‘अऊजु बिल्लाहिल्-अजीम्, व बिवज्हिहिल्-करीम्, व सुल्तानिहिल्-कदीम्, मिनश्- शैतानिर्रजीम्’ (अर्थ: "म महान अल्लाह, उहाँको सम्मानित अनुहार र उहाँको शाश्वत
सत्ताको माध्यमबाट धिक्कारिएको शैतान विरुद्ध शरण चाहन्छु।")। उहाँले सोध्नुभयो:
"के यति नै हो?" मैले भनेँ: "हो।" उहाँले भन्नुभयो: "जब कोही (मस्जिदमा प्रवेश गर्दा)
यो दुआ पढ्छ, शैतानले भन्छ: ‘यो व्यक्ति आज पूरा दिन मबाट सुरक्षित भयो’।"
[हसन] [अबू दाऊदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) मस्जिदमा प्रवेश गर्दा यो (दुआ) पढ्नुहुन्थ्यो: (अऊजु बिल्लाहिल्-अजीम्) म अल्लाह र उहाँका गुणहरूद्वारा शरण चाहन्छु । (व बिवज्हिहिल्-करीम्) र उहाँको महिमामय (करीम)अनुहारको माध्यमबाट— उहाँ, जो परम दाता र सर्वश्रेष्ठ दानशील हुनुहुन्छ। (व सुल्तानिहि) अर्थात् उहाँको प्रभुत्व, महिमा र सृष्टिमध्ये जसमाथि चाहनुहुन्छ, उसमाथि स्वामित्व प्राप्त गर्ने उहाँको शक्ति र (अल-कदीम्) उहाँको अनादि र अनन्त प्रभुत्वको माध्यमले। (मिनश्-शैतानिर्रजीम्) अल्लाहको कृपाबाट बहिष्कृत र धुत्कारिएको शैतानबाट (बच्न) अल्लाहको शरण चाहन्छु। अर्थात्: हे अल्लाह! मलाई उसको ‘वसवसा’ (मनमा आउने कुविचार), पथभ्रष्ट पार्ने बहकाउ, उसका चालहरू , दुष्प्रभावहरू, पापलाई आकर्षक देखाउने भ्रम र मार्गभ्रष्ट पार्ने कार्यबाट रक्षा गर्नुहोस्। किनकि, ऊ नै पथभ्रष्टताको मूल कारण र अज्ञानता एवम् विचलनतर्फ धकेल्ने मुख्य प्रेरक हो।" अब्दुल्लाह बिन अम्रलाई सोधियो: "यति नै हो?" अर्थात् के अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यति मात्र भन्नु भएको थियो? उनले भने: हो, यति मात्र भन्नु भएको थियो । मस्जिदमा प्रवेश गर्ने क्रममा यदि कसैले यो दुआ पढ्दछ भने, शैतानले भन्दछ:"यस व्यक्तिले आजको दिन र रातभरका लागि मबाट आफूलाई सुरक्षित राखेको छ।"

http://sunnah.global/hadeeth/ne/show/8294